राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

वर्ष ७ अंक २४३ २०८२ चैत २४ गते मंगलवार (7 May. 2026) पृष्ठ ४ मूल्य रू. ३।-

## दूध अभावले संकटमा बरमझियाको प्रसिद्ध पेडा व्यवसाय

*वीरेन्द्र कर्ण*

जनकपुरधाम, २३ चैत । राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा ख्याति कमाएको सप्तरी जिल्लाको बरमझिया क्षेत्रको पेडा व्यवसाय हाल दूध अभावका कारण प्रभावित बन्दै गएको छ।

पेडा उत्पादनका लागि अति उपयुक्त मानिने भैंसीको दूध मागअनुसार उपलब्ध हुन नसक्दा यस व्यवसायमा प्रत्यक्ष असर परेको हो। पूर्व-पश्चिम राजमार्ग अन्तर्गत सप्तरीको बरमझियादेखि महादेवपट्टीसम्म करिब एक किलोमिटर क्षेत्रमा १५० भन्दा बढी पेडा पसल सञ्चालनमा छन्। ती पसलहरूमा दैनिक करिब १८ लाख रुपैयाँ बराबरको ८० मन दूध खपत हुने गरेको व्यवसायीहरूको भनाइ छ।





दैनिक करिब १० लाख रुपैयाँभन्दा बढीको पेडा बिक्री हुने यस व्यवसायबाट झण्डै २ हजार मजदुरले प्रत्यक्ष रोजगारी पाएका छन्। साथै, करिब १५ हजार किसानले दैनिक दूध बिक्री गरी आर्थिक लाभ लिँदै आएका छन्। तर पछिल्लो समय भैंसीको दूध आपूर्ति घट्दै जाँदा पेडा उत्पादनसमेत घटेको व्यवसायी दयाराम साह बताउँछन्।

उनका अनुसार पेडा बनाउन गाईको दूधभन्दा भैंसीको दूध बढी उपयुक्त मानिन्छ। “पेडाको माग बढ्दै गएको छ, तर दूध उत्पादन घट्दै जाँदा व्यवसाय प्रभावित भएको छ,” उनले भने।

विशेषगरी चाडपर्वका बेला पेडाको माग अत्यधिक हुने भए पनि दूध अभावकै कारण अपेक्षित व्यापार हुन नसकेको अर्का व्यापारी चाँद प्रसाद साहले बताए।

व्यवसायी शिवशरण साहका अनुसार, “हाम्रो पसलमा दैनिक १०० देखि १५० लिटर दूध खपत हुन्छ, तर त्यति परिमाणमा दूध पाउन कठिन भइरहेको छ।” उनले भैंसीको दूध अभाव भएपछि सप्तरी, सिरहा, सुनसरी, उदयपुर तथा भारतको डगमारा क्षेत्रबाट दूध ल्याएर व्यवसाय धान्नुपरेको जानकारी दिए।

जिल्लामा सरकारी स्तरबाट भैंसी पालनभन्दा जर्सी गाई पालनलाई बढी प्राथमिकता दिइँदै आएकोले भैंसीको दूध अभाव देखिएको व्यवसायीहरूको गुनासो छ।

दूधको अभाव दीर्घकालीन रूपमा रहिरहेमा पेडाको गुणस्तरमा समेत गिरावट आउने खतरा रहेको उनीहरूको भनाइ छ। साथै, पेडाको शुद्धता र गुणस्तर परीक्षण गर्ने निकायले पर्याप्त निगरानी नगर्दा केही व्यापारीहरूले मिसावटयुक्त पेडा उत्पादन गर्ने गरेको उपभोक्ताहरूको गुनासो छ।

त्यसैगरी, बसमा झोलामा राखेर बिक्री गरिने केही पेडा कम तौल र न्यून गुणस्तरका हुने भए पनि सम्बन्धित निकायको ध्यान नपुगेको उपभोक्ताहरूले बताएका छन्। यस्ता पेडाको सेवनले स्वास्थ्यमा नकारात्मक असर पर्न सक्ने उनीहरूको चेतावनी छ। बरमझियामा व्यवसायीहरूबीच बढ्दो प्रतिस्पर्धाका कारण राती बसहरूलाई मिलाएर पसल अगाडि रोकी पेडा बिक्री गर्ने प्रवृत्ति पनि देखिएको छ।

राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा लोकप्रिय बरमझियाको पेडा अहिले गुणस्तर र तौलको शुद्धता जोगाउने चुनौतीसँग जुधिरहेको छ। व्यवसायीहरूले आफ्नो समस्या समाधानका लागि राज्यको ध्यानाकर्षण गराउँदै किसानलाई भैंसी पालनतर्फ आकर्षित गर्न विशेष ‘पकेट प्याकेज’ कार्यक्रम ल्याउनुपर्ने माग गरेका छन्।

## लेखापढी व्यवसायीको अनिश्चितकालीन हड्ताल



दैनिक समाचारदाता

वीरगञ्ज, २३ चैत । सरकारी कार्यालयहरूमा बिचौलियामाथि भइरहेको धरपकडको विरोधमा पर्साका लेखापढी व्यवसायीहरूले जिल्लाभर अनिश्चितकालीन हड्ताल सुरु गरेका छन्।

नेपाल लेखापढी कानुन व्यवसायी एसोसिएसन पर्साको आह्वानमा आजदेखि मालपोत, नापी, भूमिसुधार, अदालत तथा जिल्ला प्रशासन कार्यालयमा सेवा दिँदै आएका लेखापढी व्यवसायीहरूले कामकाज पूर्ण रूपमा ठप्प पारेका हुन्।

एसोसिएसन पर्साका अध्यक्ष सुरेन्द्र प्रसाद यादव का अनुसार पछिल्लो समय बिचौलियाको आरोपमा गरिएका पक्राउ तथा कारबाहीप्रति असन्तुष्टि जनाउँदै आन्दोलन थालिएको हो। विशेषगरी पोखरिया मालपोत कार्यालयबाट तीन जना पक्राउ परेपछि व्यवसायीहरू थप आक्रोशित बनेका छन्।

व्यवसायीहरूले कानुनी प्रक्रिया पूरा गरेर सञ्चालनमा रहेका भू-सेवा केन्द्र तथा लेखापढी व्यवसायीमाथि अन्यायपूर्ण ढंगले कारबाही गरिएको आरोप लगाएका छन्। पक्राउ परेकाहरूलाई तत्काल रिहा गर्नुपर्ने मागसहित सरकार र प्रहरी प्रशासनको कदमप्रति उनीहरूले कडा आपत्ति जनाएका छन्।

एसोसिएसनका अनुसार पर्सा जिल्लामा हाल १२१ वटा भू-सेवा केन्द्र तथा ४०० भन्दा बढी लेखापढी व्यवसायी सक्रिय रहेका छन्। हड्तालका कारण सेवाग्राहीहरू प्रत्यक्ष रूपमा प्रभावित भएका छन् भने मालपोतलगायतका सरकारी कार्यालयहरूको दैनिक कामकाजसमेत प्रभावित बनेको छ।

## चैतमा २३ स्थानमा बर्डफ्लु

काठमाडौं, २३ चैत । चालु वर्षको चैत महिनामा मात्रै देशका विभिन्न २३ स्थानमा बर्डफ्लु रोग देखिएको छ।



पशु सेवा विभाग का महानिर्देशक डा. उमेश दाहाल ले चैत महिनामा मात्र २३ स्थानमा बर्डफ्लु पुष्टि भएको जानकारी दिए। उनका अनुसार यस वर्ष चैतअघि भने बर्डफ्लुको संक्रमण देखिएको थिएन।

यस वर्ष पहिलोपटक चैत ६ गते मोरङ जिल्लाको सुन्दरहैचा र उर्लाबारी नगरपालिकामा एकैपटक दुई स्थानमा बर्डफ्लु देखिएको थियो। त्यसपछि सुनसरीमा १२ स्थान, मोरङमा ७ स्थान, झापामा २ स्थान, चितवनमा १ स्थान र काठमाडौंमा १ स्थानमा संक्रमण पुष्टि भएको छ।

महानिर्देशक दाहालका अनुसार बर्डफ्लु देखिएका सबै स्थानलाई नियन्त्रणमा लिएर थप फैलिन नदिइएको छ। ती क्षेत्रमा हालसम्म एक लाख चार हजारभन्दा बढी कुखुरा तथा हाँस नष्ट गरिएको उनले बताए।

काठमाडौंस्थित त्रिभुवन विश्वविद्यालय परिसरका कागमा समेत बर्डफ्लु पुष्टि भएको छ। संक्रमण फैलिएको सुनसरी, झापा र मोरङ जिल्लामा पशुपक्षी ओसारपसारमा प्रतिबन्ध लगाइएको छ।

“बर्डफ्लु देखिएका क्षेत्रलाई ‘संक्रमित क्षेत्र’ घोषणा गरी आकस्मिक रोग अन्वेषण टोलीमार्फत पशुपक्षी नष्ट गर्ने काम गरिएको छ,” उनले भने, “नियन्त्रणका प्रयासका कारण व्यापक रूपमा संक्रमण फैलिन पाएको छैन।”

सरकारले बर्डफ्लु देखिएपछि संक्रमित क्षेत्रका कुखुरा तथा हाँस नष्ट गर्दै आएको छ भने किसानलाई ७५ प्रतिशतसम्म क्षतिपूर्ति उपलब्ध गराउँदै आएको छ। -रासस

## तहमा नखटिने कर्मचारीलाई कारबाही गर्ने चेतावनी

दैनिक समाचारदाता

विराटनगर २३ चैत । सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्थानीय तहमा खटाइएका प्रमुख प्रशासकीय अधिकृत र अन्य कर्मचारीहरू समयमै कार्यक्षेत्रमा हाजिर नभएको भन्दै कडा निर्देशन जारी गरेको छ।




मन्त्रालयले आज एक ‘अत्यन्त जरुरी सूचना’ जारी गर्दै खटाइएका ठाउँमा नजाने र नियमित उपस्थित नहुने कर्मचारीहरूलाई तत्काल हाजिर हुन निर्देशन दिएको हो। स्थानीय तहहरूबाट प्रमुख प्रशासकीय अधिकृतको अनुपस्थितिका कारण सेवा प्रवाहमा गम्भीर असर परेको निरन्तर गुनासो आएपछि मन्त्रालयले यस्तो कदम चालेको हो। मन्त्रालयका अनुसार विभिन्न स्थानीय तहमा प्रमुख प्रशासकीय अधिकृतहरू नियमित उपस्थित नहुने र सरुवा वा पदस्थापन भएका कर्मचारीहरू पनि समयमै हाजिर नहुँदा सर्वसाधारणले पाउनुपर्ने सेवा प्रभावित भएको छ। यसले स्थानीय सरकारको दैनिक कार्यसम्पादनमा समेत बाधा पुगेको मन्त्रालयको ठहर छ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ (४) को व्यवस्थालाई स्मरण गराउँदै मन्त्रालयले खटाइएका कर्मचारीहरूलाई यथाशीघ्र सम्बन्धित स्थानीय तहमा हाजिर भई कामकाज गर्न निर्देशन दिएको छ। ‘निर्णय बमोजिम रमाना भई नगएमा र स्थानीय तहको सेवा प्रवाह प्रभावित भएमा प्रचलित कानुन बमोजिम कारबाही गरिने बेहोरा जानकारी गराइन्छ,’ उक्त सूचनामा उल्लेख छ ।

## ८ अर्ब ऋण निर्णयप्रति वर्षमान पुनको असन्तुष्टि

दैनिक समाचारदाता

काठमाडौं २३ चैत । पूर्वअर्थमन्त्री तथा नेपाल कम्युनिस्ट पार्टीका नेता वर्षमान पुनले वर्तमान सरकारले २८ अर्ब रुपैयाँ ऋण लिने निर्णयप्रति असन्तुष्टि जनाएका छन्।



पार्टी केन्द्रीय कार्यालय पेरिसडाँडामा सञ्चारकर्मीसँग कुरा गर्दै उनले वैदेशिक ऋण लिने सरकारको निर्णयमाथि प्रश्न उठाएका हुन्। ऋण नलिने नारा दिएर वैकल्पिक राजनीति गर्दै आएको पार्टी सरकारमा पुगेपछि यस्तो निर्णय गर्नु

बाँकी ४पृष्ठमा



## सम्पादकीय

# सरकारी निर्णय: तत्कालीन राहत र दीर्घकालीन सुधारको प्रयास

सरकारले आइतबार बसेको मन्त्रिपरिषद् बैठकमार्फत देशका विभिन्न क्षेत्रहरूमा प्रभाव पार्ने महत्वपूर्ण नीतिगत निर्णयहरू सार्वजनिक गरेको छ । बैठकले पेट्रोलियम आपूर्ति असहजता, डिजिटल पूर्वाधार विस्तार, वित्तीय समावेशिता र प्रशासनिक सुधारलाई प्राथमिकतामा राख्दै निर्णयहरू गरेको देखिन्छ ।

विशेषगरी, इन्धन अभावका समयमा सरकारी कार्यालय तथा शैक्षिक संस्थामा दुई दिने सार्वजनिक बिदा दिने निर्णयले तत्कालीन समस्या व्यवस्थापनमा सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ। यसले इन्धन खपत घटाउने र सार्वजनिक सेवामा व्यवधान न्यूनिकरण गर्ने उद्देश्य राख्दछ ।

डिजिटल पूर्वाधार सुदृढीकरणका लागि सरकारले एशियाली विकास बैंक र विश्व बैंकबाट ९० मिलियन अमेरिकी डलर बराबरको सहुलियतपूर्ण ऋण स्वीकार गर्ने निर्णय गरेको छ। यस परियोजनाले सरकारी सेवा डिजिटलीकरण, सूचना प्रविधिको पहुँच विस्तार र डिजिटल अर्थतन्त्र प्रवर्द्धनमा योगदान पुऱ्याउनेछ।

त्यसैगरी, विश्व बैंकबाट ९५ मिलियन अमेरिकी डलर बराबरको सहुलियतपूर्ण ऋण स्वीकार गरी ग्रामीण र विपन्न वर्गसम्म वित्तीय पहुँच विस्तार गर्ने निर्णयले दिगो र समावेशी वित्तीय प्रणाली निर्माणमा सहयोग गर्ने विश्वास सरकारको छ।

प्रशासनिक सुधारतर्फ, सबै मन्त्रालय, सचिवालय, आयोग र मातहत निकायहरूको संगठनात्मक सर्वेक्षणका लागि पूर्वस्वीकृति दिइएको छ। यसले सरकारी संरचना चुस्त, दोहोरोपनरहित र कार्यक्षम बनाउन महत्वपूर्ण भूमिका खेल्नेछ।

ऊर्जा र वातावरणमैत्री यातायात प्रवर्द्धनका लागि डिजेल तथा पेट्रोलबाट चल्ने सवारी साधनलाई विद्युतीय सवारीमा रूपान्तरण गर्ने कानुनी व्यवस्था अघि बढाइने निर्णयले इन्धन आयातमा निर्भरता घटाउने र प्रदूषण न्यूनीकरणमा योगदान दिनेछ।

शिक्षा क्षेत्रमा, आगामी शैक्षिक सत्र २०८३ वैशाख १५ गतेदेखि सुरु गर्ने निर्णयले देशभरका विद्यालयलाई एकीकृत तालिका अनुसार सञ्चालन गर्न सहजता प्रदान गर्नेछ।

समग्रमा, सरकारले लिएर आएको निर्णयहरू तत्कालीन समस्या समाधानसँगै दीर्घकालीन सुधार र विकासमा केन्द्रित छन्। इन्धन संकट व्यवस्थापन, डिजिटल रूपान्तरण, वित्तीय समावेशिता र प्रशासनिक सुधारका पहलले आगामी दिनमा शासन प्रणालीलाई थप प्रभावकारी बनाउन सक्ने अपेक्षा गरिएको छ।

## नसर्ने रोगको बढ्दो चुनौती

# आहार विशेषज्ञको भूमिका अझै बेवास्ता



शिल्पी विक्रम

पछिल्ला वर्षहरूमा नेपालमा कडा खालका नसर्ने रोगहरू जस्तै- मधुमेह, उच्च रक्तचाप, मुटु रोग, स्ट्रोक, क्यान्सर र मोटोपन तीव्र गतिमा बढ्दै गएका छन्। जीवनशैलीमा आएको परिवर्तन, असन्तुलित आहार, शारीरिक गतिविधिको कमी र तनावपूर्ण दैनिकीले यसलाई अझ गम्भीर बनाएको छ।

***असंसर्गजन्य रोग अर्थात नसर्ने रोग र आहार विशेषज्ञको महत्त्व***

***बढ्दो प्रकोप:*** मधुमेह, उच्च रक्तचाप, मुटु रोग, स्ट्रोक, क्यान्सर र मोटोपन जस्ता रोगहरू नेपालमा तीव्र गतिमा बढ्दै छन्।

***रोकथाम र व्यवस्थापन :*** यी रोगहरूको रोकथाम र व्यवस्थापनमा सन्तुलित आहार, जीवनशैली सुधार र पोषण शिक्षा अत्यन्तै महत्त्वपूर्ण हुन्छ।

***विशेषज्ञको भूमिका :*** आहार विशेषज्ञले बिरामीलाई व्यक्तिगत पोषण योजना, रोगअनुसारको आहार व्यवस्थापन र दीर्घकालीन स्वास्थ्य सुधारमा सहयोग पुऱ्याउँछन्।

यस्तो अवस्थामा आहार विशेषज्ञ (Dietitians) को भूमिका अत्यन्तै महत्त्वपूर्ण हुन्छ। सही पोषण र जीवनशैली व्यवस्थापनले यी रोगहरूको रोकथाम र उपचारमा ठूलो योगदान पुऱ्याउन सक्छ । तर दुर्भाग्यवश, अस्पताल र चिकित्सकहरूले आहार विशेषज्ञलाई अझै पनि पर्याप्त महत्त्व दिएका छैनन् । धेरै स्वास्थ्य संस्थाहरूमा पोषण विभागलाई प्राथमिकता नदिइनु वा आहार विशेषज्ञलाई उपचार टोलीमा समावेश नगर्नु स्वास्थ्य प्रणालीको कमजोरीको उदाहरण हो।

नेपालको न्यूनतम सेवा मापदण्ड (एमएसएस) अनुसार अस्पतालमा आहार विशेषज्ञको उपस्थिति अनिवार्य मानिएको छ, तर व्यवहारमा उनीहरूलाई पर्याप्त महत्त्व दिइएको छैन। एमएसएस ले अस्पतालको बेड सङ्ख्याअनुसार चिकित्सक, नर्स र अन्य स्वास्थ्यकर्मीहरूको अनुपात तोकेको छ, जसमा आहार विशेषज्ञ पनि समावेश छन्।

***न्यूनतम सेवा मापदण्ड अनुसार जनशक्ति आवश्यकता***

एमएसएस (MoHP, २०७५) ले अस्पतालमा जनशक्ति व्यवस्थापनका लागि स्पष्ट अनुपात तोकेको छ :

अस्पताल स्तर    बेड सङ्ख्या    चिकित्सक : नर्स : आहार विशेषज्ञ (Dietitian)

प्राथमिक अस्पताल    २५-५० बेड    १ : ३ : ०.५ (अर्थात् १ आहार विशेषज्ञ ५० बेडमा)

मध्यम स्तर अस्पताल    ५१-१०० बेड    १ : ३ : १ (कम्तीमा १ आहार विशेषज्ञ)

क्षेत्रीय/प्रादेशिक अस्पताल    १००-२०० बेड    १ : ३ : २ (कम्तीमा २ आहार विशेषज्ञ)

शिक्षण/विशेषज्ञ अस्पताल    २००+ बेड    १ : ३ : ३ वा सोभन्दा बढी

यसले देखाउँछ कि प्रत्येक अस्पतालमा आहार विशेषज्ञको उपस्थिति अनिवार्य छ, तर धेरै अस्पतालमा यो पद रिक्त छ वा प्राथमिकता दिइएको छैन।

स्वास्थ्य क्षेत्र बहुआयामिक हो। चिकित्सक, नर्स, आहार विशेषज्ञ, मनोवैज्ञानिक, फिजियोथेरापिस्ट र अन्य स्वास्थ्य पेशेवरहरूको संयुक्त प्रयासले मात्र बिरामीलाई पूर्ण उपचार दिन सकिन्छ। तर नेपालमा अझै पनि चिकित्सकलाई मात्र केन्द्रमा राख्ने प्रवृत्ति हावी छ। यसले दीर्घकालीन रोग व्यवस्थापनमा बाधा पुऱ्याइरहेको छ।

नयाँ सरकार गठनको तयारी भइरहेका बेला स्वास्थ्य नीतिमा सुधार ल्याउने अपेक्षा गरिएको छ। आहार विशेषज्ञलाई स्वास्थ्य प्रणालीमा समान महत्त्व दिनु, पोषण शिक्षा र जनचेतना कार्यक्रम विस्तार गर्नु र सबै स्वास्थ्य पेशेवरलाई बराबरी सम्मान दिनु आवश्यक छ। यदि सरकारले यसतर्फ ठोस कदम चाल्यो भने असंसर्गजन्य रोग नियन्त्रणमा ठूलो उपलब्धि हासिल गर्न सकिन्छ।

***समाधान र नीति सिफारिस***

नयाँ सरकारले एमएसएस अनुसार आहार विशेषज्ञको पद सुनिश्चित गर्नुपर्ने।

अस्पतालमा बेड सङ्ख्याअनुसार आहार विशेषज्ञ नियुक्ति अनिवार्य बनाउने।

पोषण शिक्षा र जनचेतना कार्यक्रमलाई स्वास्थ्य नीतिमा प्राथमिकता दिने।

सबै स्वास्थ्य पेशेवरलाई बराबरी सम्मान र महत्त्व दिने व्यवस्था गर्ने।

आहार विभागलाई पर्याप्त बजेट व्यवस्था गर्ने (बजेट अभावले बिरामीको आहार सेवा प्रभावित भइरहेको छ)।

***निष्कर्ष***

असंसर्गजन्य रोग नियन्त्रणमा आहार विशेषज्ञको भूमिका अपरिहार्य छ। एमएसएस ले स्पष्ट रूपमा जनशक्ति अनुपात तोकेको भए पनि व्यवहारमा यसको पालना भएको छैन। नयाँ सरकारले यसलाई गम्भीरतापूर्वक लिएर ठोस नीति लागू गर मात्र नेपालमा बढ्दो नसर्ने रोग नियन्त्रणमा वास्तविक उपलब्धि हासिल गर्न सकिन्छ।

*-(शिल्पी विक्रम बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरानको आहार विज्ञान विभागमा सहायक प्राध्यापकका रुपमा कार्यरत छिन्।)*

## तपाईंको आज

मेष : दिन शुभ फलदायक छ । कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ ।

वृष : बिहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ ।

मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न ।

कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ । ऐश्वर्य प्राप्ति, सन्तोष होला ।

सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ ।

कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न । त्यसपछि भने लाभ, सफलता होला ।

तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला ।

वृश्चिक : दिन शुभ फलदायक छ । स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ ।

धनु : समय बलवान् छ । मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ ।

मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ ।

कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दु:ख-कष्ट आइपर्न सक्छ ।

मीन : तपाईंका लागि समय शुभ छ । परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला ।

## आवश्यक टेलिफोन नम्बरहरू

### एम्बुलेन्स

| | |
|---|---|
| मिथिला युवा समाज नेपाल | ९८४४१०४३४४,०४१-५२८९०६ |
| श्री गणेश युवा कमिटी | ९८०१६२५४२४,९८५४०२७७०३ |
| श्री विश्वकर्मा युवा कमिटी | ९८१५८९४४९५,९८१२०९२४८५ |
| सिर्जनसिल युवा परिवार (वीरेन्द्र बजार) | ९८४४९९०५,९८०४८०५६४३ |
| माँ सहयोगी नेपाल (देवडिहा-१) | ९८०१६०४३८९ |
| नव मिथिला युवा कमिटी | ९८५४०२८३०३,९८०७८९९८८१ |
| मिथिला स्वास्थ्य सहकारी संस्था | ९८५४०२२४७४,९८०१६२२४७४ |
| रामानन्द युवा क्लव | ९८०४८२७४०५ |
| एम्बुलेन्स रेडक्रस | १०२,०४१-५२०८७० |
| मिथिलाञ्चल विकास केन्द्र एम्बुलेन्स | ९८१५८९३००५,०४१-५२५४४८ |
| धनुषा अस्पताल पा.लि. | ५२४७७०, ५२५८०० |

### प्रहरी कार्यालय

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ०४१-५२००९९,१०० |
| सशस्त्र प्रहरी बल मुजेलिया | ०४१-५२७९०५,५२७२१३ |
| सुरक्षा गुल्म जनकपुर ब्यारेक | ०४१-५२६५८६ |
| ट्राफिक प्रहरी कार्यालय जिरोमाइल | ०४१-५२०३६६ |
| जानकी प्रहरी चौकी जानकी चौकी | ०४१-५२०३४४ |
| इलाका प्रहरी कार्यालय स्टेशन | ०४१- |
| मुजेलिया प्रहरी चौकी | ०४१-५२०७५० |
| हनुमान नगर प्रहरी चौकी | |
| प्रहरी चौकी बलवा टोल | |

### अस्पतालहरू

| | |
|---|---|
| जनकपुर अञ्चल अस्पताल | ०४१-५२००३३ |
| जिल्ला जनस्वास्थ्य कार्यालय | ०४१-५२०६२८, ५२६२७१ |
| धनुषा अस्पताल पा.लि. | ५९०८००, ५२५८०० |
| आँखा अस्पताल | ०४१-५२०३९७ |
| बछार प्रसुति केन्द्र | ५२२४५७ |

### महत्वपूर्ण कार्यालयहरू

| | |
|---|---|
| जनकपुर उपमहानगरपालिका | ०४१- |
| बरुण यन्त्र जउमनपा | ०४१-५२००११ |
| बस पार्क | ०४१-५२०९९८ |
| जनकपुर विमान स्थल | ०४१-५२००४४ |
| बुद्ध एयर | ०४१-५२५०२१, ५२५०२२ |
| यति एयर | ०४१-५२५००४७, ५२५०२२ |
| विद्युत फयुज शाखा | ०४१-५२०१५१ |
| जानकी केवुल | ०४१-५२३७२८ |
| शाह केबुल | ०४१-५२४७२२ |

# अमेरिका-इरान तनावबीच नयाँ शान्ति प्रस्ताव, ४५ दिन युद्धविरामको पहल



काठमाडौं २३ चैत । अमेरिका र इरान बीच जारी तनावपूर्ण अवस्थालाई रोक्न नयाँ शान्ति प्रस्ताव अघि सारिएको छ। समाचार एजेन्सी रोयटर्स का अनुसार दुवै देशलाई युद्ध अन्त्यका लागि नयाँ 'फ्रेमवर्क' प्रस्तुत गरिएको हो, जसमा पाकिस्तान ले मुख्य मध्यस्थकर्ताको भूमिका खेलेको बताइएको छ।

प्रस्तावमा दुई चरणीय योजना समावेश गरिएको छ। पहिलो चरणमा तत्काल ४५ दिनका लागि युद्धविराम गर्ने र त्यसपछि दीर्घकालीन शान्ति स्थापनाका लागि विस्तृत सम्झौता गर्ने रणनीति तय गरिएको छ।

वार्ता प्रक्रियामा पाकिस्तानसँगै इजिप्ट र टर्की ले पनि मध्यस्थताको भूमिका निर्वाह गरिरहेका छन्। बीबीसी का अनुसार पाकिस्तानका सेना प्रमुख असिम मुनिर ले अमेरिकी उपराष्ट्रपति जेडी भान्स सँग निरन्तर संवाद गरिरहेका छन्। यसैबीच, अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प ले इरानलाई हर्मुज जलसन्धि खोल्न समयसीमा तोकेका छन्। उनले तोकिएको समयभित्र जलसन्धि नखुले इरानका नागरिक पूर्वाधारहरूमा आक्रमण गर्ने चेतावनीसमेत दिएका छन्।

यता, इरानले भने धम्की र अल्टिमेटमका आधारमा वार्ता सम्भव नरहेको स्पष्ट पारेको छ। इरानी विदेश मन्त्रालयका प्रवक्ता इस्माइल बाघेई ले सरकारी सञ्चारमाध्यम आईआरएनए मार्फत यसअघि अमेरिकाले प्रस्ताव गरेको १५ बुँदे योजना आफूहरूलाई स्वीकार्य नभएको बताएका छन्। उनका अनुसार इरानले आफ्ना 'रेड लाइन' र राष्ट्रिय स्वार्थलाई ध्यानमा राखेर जवाफी प्रस्ताव तयार पारेको छ, जसको विवरण उपयुक्त समयमा सार्वजनिक गरिनेछ। साथै, इरानले अस्थायी युद्धविरामको सर्तमा रणनीतिक रूपमा महत्त्वपूर्ण हर्मुज जलसन्धि खोल्ने प्रस्ताव अस्वीकार गरेको छ।

नयाँ प्रस्तावमा हर्मुज जलसन्धि, आणविक संवर्द्धन तथा क्षेत्रीय सुरक्षाजस्ता जटिल विषय कसरी सम्बोधन गरिने भन्ने अझ स्पष्ट भइसकेको छैन। यद्यपि, दुवै पक्षले औपचारिक धारणा सार्वजनिक गर्न बाँकी रहे पनि विश्व समुदायले यसलाई युद्ध रोक्ने महत्वपूर्ण अवसरका रूपमा हेरेको छ।

# ओपेक प्लस उत्पादन वृद्धि, हर्मुज द्वन्द्वले तेल आपूर्ति जोखिम

एजेन्सी

रियाद २३ चैत । प्रमुख पेट्रोलियम निर्यातक देशहरूको संगठन ओपेक र समूह बाहिरका अन्य ठूला तेल उत्पादकहरू ( ओपेक प्लस) ले कच्चा तेलको उत्पादन बढाउने सहमति गरेका छन्।

मे महिनाका लागि दैनिक २ लाख ६ हजार ब्यारेलले तेल उत्पादन कोटा बढाउने निर्णय भएको छ। तर, यस वृद्धि धेरै हदसम्म प्रतिकात्मक मात्र रहेको विज्ञप्तिमा उल्लेख छ। अमेरिका र इजरायल ले इरान मा सुरु गरेको युद्धका कारण ओपेकका प्रमुख सदस्य राष्ट्रहरू उत्पादन बढाउन पूर्ण रूपमा सक्षम भएका छैनन्।

यो युद्धले फेब्रुअरी अन्त्यदेखि विश्वकै महत्त्वपूर्ण तेल मार्ग स्ट्रेट अफ हर्मुज लाई प्रभावकारी रूपमा अवरुद्ध बनाएको छ। यसको प्रत्यक्ष असर साउदी अरब, संयुक्त अरब इमिरेट्स, कुवेत र इराकजस्ता ओपेक सदस्य राष्ट्रहरूको तेल निर्यातमा परेको छ।

आइतबार जारी विज्ञप्तिअनुसार ओपेक प्लसका आठ सदस्य राष्ट्र–साउदी अरेबिया, रुस, इराक, युएई, कुवेत, काजकस्तान, अल्जेरिया र ओमान–ले भर्चुअल बैठकमार्फत उत्पादन बढाउने निर्णय गरेका छन्। 'बजारको अवस्थालाई नजिकबाट निगरानी गर्दै स्थिरता कायम राख्न निरन्तर प्रयास जारी राखिनेछ,' विज्ञप्तिमा भनिएको छ।

इरान युद्धका क्रममा दुवै पक्षले ऊर्जा पूर्वाधारलाई निशाना बनाइरहेको हुँदा क्षतिग्रस्त संरचनालाई पूर्ण क्षमतामा फर्काउन समय र खर्च धेरै लाग्नेछ, जसले समग्र आपूर्तिमा असर पुऱ्याउने विज्ञप्तिमा उल्लेख छ।

यद्यपि, उत्पादन वृद्धिको यो निर्णय स्ट्रेट अफ हर्मुज बन्द हुँदा अवरुद्ध भएको आपूर्तिको दुई प्रतिशतभन्दा कम मात्र हो। अन्तर्राष्ट्रिय समाचार संस्था रोयटर्स का अनुसार यो मार्ग पुनः सञ्चालन भएपछि ओपेक प्लसले उत्पादन बढाउने तयारी राखेको सङ्केत दिएको छ।

युद्ध र स्ट्रेट अफ हर्मुज बन्द हुँदा विश्व बजारमा कच्चा तेलको मूल्य चार वर्षकै उच्च स्तरमा पुगेको छ। स्ट्रेट अफ हर्मुजबाट ढुवानी ठप्पको अवस्था मध्य मेसम्म जारी रह्यो भने तेलको मूल्य १५० डलरभन्दा माथि पुग्न सक्ने अमेरिकी लगानी बैंक जेपी मोर्गन ले जनाएको छ, जुन अहिलेसम्मकै उच्च स्तर हो।

# ऊर्जा महँगीको चपेटामा श्रीलङ्का ग्यास मूल्यमा ठूलो वृद्धि

एजेन्सी

काठमाडौँ २३ चैत । पश्चिम एसियामा जारी द्वन्द्वको प्रत्यक्ष असर झेल्दै श्रीलङ्काले घरेलु तरलीकृत पेट्रोलियम ग्यास ( एलपिजी) को मूल्य सोमबार झन्डै एक चौथाइले बढाएको छ । यसले आर्थिक रूपमा पुनःउत्थानको प्रयासमा रहेको देशमा थप दबाब सिर्जना गरेको छ ।



सरकारले विश्व बजारमा बढ्दो मूल्यलाई कारण देखाउँदै ग्यासको मूल्य वृद्धि गरेको हो । श्रीलङ्का पूर्ण रूपमा ग्यास र तेल आयातमा निर्भर रहँदै आएको छ भने विद्युत् उत्पादनका लागि कोइला पनि बाह्य स्रोतबाट खरिद गर्नुपर्ने अवस्था छ । यस पृष्ठभूमिमा मध्यपूर्वमा लामो समयदेखि जारी युद्धले देशको अर्थतन्त्रलाई पुनः कमजोर बनाउने चिन्ता बढेको छ ।

सोमबार गरिएको मूल्य समायोजन गत महिना गरिएको आठ प्रतिशत वृद्धिपछि आएको हो, जसले निरन्तर बढ्दो ऊर्जा लागतको सङ्केत गरेको छ । घरेलु एलपिजी बजारको करिब एक चौथाइ हिस्सा ओगट्ने एक निजी कम्पनीले आफ्नो खुद्रा मूल्य चार हजार ६३० रुपैयाँ (श्रीलङ्काली मुद्रा) बाट २३ प्रतिशतले बढाएर पाँच हजार ७०० रुपैयाँ पुऱ्याएको छ ।

त्यस्तै, राज्य स्वामित्वको प्रमुख आपूर्तिकर्ता लिट्रो ग्यासले १२.५ किलोग्राम सिलिन्डरको मूल्य तीन हजार ९९० रुपैयाँबाट बढाएर चार हजार ७६५ रुपैयाँ निर्धारण गरेको छ । यो १९.४२ प्रतिशतको वृद्धि हो । कम्पनीका प्रवक्ताले अप्रिल महिनाका लागि पर्याप्त आपूर्ति रहेको जानकारी दिँदै अन्तर्राष्ट्रिय बजारमा एलपिजीको मूल्य वृद्धि र ढुवानी खर्च बढ्नु नै मूल्य समायोजनको मुख्य कारण भएको बताएका छन् ।

यसअघि पनि इरानविरुद्ध अमेरिका-इजरायल आक्रमण र त्यसपछि भएको जवाबी कारबाहीका कारण विश्वव्यापी ऊर्जा बजार प्रभावित बनेपछि श्रीलङ्काले इन्धन र बिजुलीको मूल्य एक तिहाइभन्दा बढीले बढाएको थियो ।

विशेषगरी, विश्व ऊर्जा आपूर्तिको प्रमुख मार्ग मानिने होर्मुज जलडमरूमध्य द्वन्द्वका कारण प्रभावकारी रूपमा बन्द हुँदा कच्चा तेल र ग्यास आपूर्ति प्रभावित भएको छ । सामान्य अवस्थामा विश्वको करिब २० प्रतिशत ऊर्जा निर्यात यही मार्ग हुँदै हुने गर्छ ।





- विभिन्न प्रकारको कोटन रोल
- विभिन्न प्रकारका जिङ्जैङ् कोटन
- डिलेभरी पैड सहितका लागि सम्पर्क स्थान

रामेश्वरम सर्जिकल उद्योग

जनकपुरधाम, ७४, मधेश प्रदेश

मो.नं.: ९८१९८३५३७४



विहानको सुरुवात ताजा समाचारसँगै। विहान-विहानै देश-दुनियाँका ताजा, विश्वसनीय र विश्लेषणात्मक समाचार पढ्नुस् –तपाईंको आफ्नै पत्रिका। साथै जहाँ पत्रिका उपलब्ध छैन त्यहाँका लागि-

Website www.esamachardainik.com

राष्ट्रिय दैनिक समाचार दैनिक जनकपुर

# सप्तरीमा आगलागी, ६ लाखभन्दा बढी क्षति

दैनिक समाचारदाता
सप्तरी,२३ चैत । सप्तरीका तीन फरक स्थानमा सोमबार राति विभिन्न समयमा आगलागी हुँदा लाखौँ रुपैयाँ बराबरको धनमाल जलेर नष्ट भएको छ। तीनवटै घटनाबाट कुल ६ लाख ७३ हजार ५ सय रुपैयाँ बराबरको क्षति भएको प्रहरीले जनाएको छ।

जिल्ला प्रहरी कार्यालय सप्तरी का प्रहरी नायब उपरीक्षक डम्बर बहादुर पुरी का अनुसार अग्निसाईर कृष्णासावरण गाउँपालिका-४ स्थित रामदेव चौधरीको टिनको छानो भएको गाईगोठमा आगलागी हुँदा



गोठसहित भित्र रहेका काठपात जलेर नष्ट भएका छन्। उक्त घटनाबाट ३ लाख ५० हजार रुपैयाँ बराबरको क्षति भएको छ।

यस्तै, महदेवा गाउँपालिका-४ मनियार प्रसाही टोलका ४० वर्षीय बैजनाथ सदाको फुसको गोठघरमा बालेको घुरबाट आगलागी हुँदा १ लाख ७३ हजार ५ सय रुपैयाँ बराबरको क्षति भएको छ। आगलागीमा गोठघरभित्र रहेका काठपात, चामल, गहुँ तथा भैँसीको पाडीसमेत जलेर नष्ट भएको प्रहरीले जनाएको छ।

त्यसैगरी, डाक्नेश्वरी नगरपालिका-८ बिसहरिया टोलका ७१ वर्षीय भागवत साहको गोठघरमा पनि घुरबाट आगलागी हुँदा १ लाख ५० हजार रुपैयाँ बराबरको क्षति भएको छ। आगलागीमा गोठघरका साथै चामल, खसी, बाख्रा र मोटरसहितका सामग्री जलेर नष्ट भएका छन्।

तीनवटै स्थानमा लागेको आगो स्थानीयवासी र प्रहरीको संयुक्त प्रयासमा नियन्त्रणमा लिइएको प्रहरीले जनाएको छ।

# मिथिलामा निरक्षरको तथ्याङ्क सङ्कलन सुरु



जनकपुरधाम, २३ चैत । धनुषाको मिथिला नगरपालिकाले निरक्षर नागरिकको तथ्याङ्क सङ्कलन अभियान सुरु गरेको छ। साक्षर नगरपालिका घोषणा गर्ने उद्देश्यले उक्त अभियान सञ्चालन गरिएको हो।

मिथिला नगरपालिका शिक्षा शाखाका प्रमुख सीता काफ्लेले वडा तहदेखि नगरपालिकासम्म साक्षर घोषणा कार्यक्रमअन्तर्गत तथ्याङ्क सङ्कलन सुरु गरिएको जानकारी दिनुभयो। उहाँका अनुसार मूल्याङ्कन निर्देशिका, २०७० बमोजिम साक्षरताका १२ सूचकमध्ये ६ सूचकमा केन्द्रित भएर काम अघि बढाइएको छ।

यस अभियानका लागि आवश्यक प्रशिक्षण दिएर २५ जना विद्यार्थी परिचालन गरिएको छ। आगामी २०८३ वैशाख १५ गतेसम्म तथ्याङ्क सङ्कलन कार्य सम्पन्न गर्ने लक्ष्य राखिएको छ। शिक्षा शाखाले सबै वडा कार्यालय तथा विद्यालयलाई अभियानमा समन्वयात्मक भूमिका निर्वाह गर्न आग्रह गरेको छ। विद्यार्थीमार्फत घरघरमा पुगेर तथ्याङ्क सङ्कलन गरिने योजना रहेको छ।

शिक्षा तथा मानव विकास केन्द्रले निर्धारण गरेका १२ सूचकमध्ये प्रमुख ६ सूचकमा उल्लेखित विषयवस्तु पढ्न-लेख्न सिकाउन सके नागरिकलाई साक्षर बनाउन सकिने काफ्लेले बताउनुभयो।

# निशा डाँगी : प्रतिस्पर्धा रहोस्, द्वन्द्व होइन



दैनिक समाचारदाता
काठमाडौं, २३ चैत । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) की सांसद निशा डाँगी ले दलहरूबीच प्रतिस्पर्धा भए पनि द्वन्द्व हुन नहुनेमा जोड दिएकी छन्।

सोमबारको प्रतिनिधिसभा बैठकलाई सम्बोधन गर्दै उनले भनिन्, “हामी यहाँ शासन होइन, सेवा गर्न आएका छौँ भन्ने भावनाले हरेक कदमलाई मार्गनिर्देश गर्नुपर्छ। विचारमा भिन्नता स्वाभाविक हो। राष्ट्रिय हितमा सहकार्य अनिवार्य छ। प्रतिस्पर्धा रहोस्, तर द्वन्द्व होइन।”

# प्रतिनिधिसभा नियमावली मस्यौदा समिति गठन

काठमाडौँ, २३ चैत । प्रतिनिधिसभाको नयाँ नियमावली तर्जुमा गर्न १५ सदस्य मस्यौदा समिति गठन गरिएको छ ।

सभाको सोमबारको बैठकमा राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद कविन्द्र बुर्लाकोटीले प्रस्तुत गर्नुभएको प्रस्तावबमोजिम सो दलका सांसद गणेश पराजुली सभापति रहने गरी सबै दलका सदस्यहरू सम्मिलत समिति सर्वसम्मतिले पारित भएको हो । समितिमा डा. ओजश्वी शेरचन, ऐनबहादुर महर, खगेन्द्र सुनार, खुश्बु ओली, गजाला समिम मिकरानी, तपेश्वर यादव, धुवराज राई, निषा डाँगी, निष्कल राई, बलावती शर्मा, मधु चौलागाइँ, यज्ञमणि न्यौपाने, रेखाकुमारी यादव, डा. सुलभ खरेल रहनुभएको छ ।



समितिले सभामुखको सामान्य निर्देशनमा रही आफ्नो कार्यविधि आफैँ तय गर्ने छ भने समितिलाई कार्यप्रारम्भ भएको मितिले १४ दिन कार्यअवधि दिइएको छ ।

उक्त प्रस्तावको सीता थपलिया, गणेशसिंह ठगुन्ना, युवराज दुलाल, धुवराज राई, भरत गिरी, पुष्पाकुमारी चौधरीले समर्थन गर्नुभयो । नयाँ नियमावली निर्माण नहुञ्जेल २०७९ को निवयमाली अन्तर्गत सभाको कार्यसञ्चालन भइरहेको छ ।

***कार्यव्यवस्था परामर्श समितिमा मनोनयन***

यसैगरी, बैठकमा सभामुख डोलप्रसाद अर्यालले प्रतिनिधिसभाको कार्यव्यवस्था परामर्श समितिको सदस्यहरू मनोनयन गर्नुभएको छ ।

सो समितिमा डा.अच्युतम् लामिछाने, अफ्साना बानु, आर्यन राई, केपी खनाल, कामिनी चौधरी, क्रान्तिशिखा धिताल, खुश्बु ओली, गणेशसिंह ठगुन्ना, गुरुप्रसाद बराल, गङ्गालक्ष्मी अवाल, तपेश्वर यादव, देवराज पाठक, नरेन्द्रकुमार केरुङ, प्रकाशचन्द्र परियार, निषा डाँगी, बोधनारायण श्रेष्ठ, मीनाकुमारी यादव, युवराज दुलाल, राजन गौतम, डा. राम लामा र विपिनकुमार आचार्य हुनुहुन्छ । रासस

# मासु शंकास्पद पदार्थसहित एक पक्राउ

दैनिक समाचारदाता
सप्तरी,२३ चैत । सप्तरी प्रहरीले गाईको मासु जस्तो देखिने पदार्थसहित एक जनालाई पक्राउ गरी अनुसन्धान सुरु गरेको छ। जिल्लाको राजविराज नगरपालिका-६ का ५० वर्षीय रहमत अलीलाई पक्राउ गरिएको हो। जिल्ला प्रहरी कार्यालय सप्तरी का प्रहरी नायब उपरीक्षक डम्बर बहादुर पुरी का अनुसार आइतबार विराटनगरबाट राजविराजतर्फ आउँदै गरेको विङ्गर गाडीलाई हनुमाननगर कंकालिनी नगरपालिका-२ मा दिउँसो करिब १:३० बजे चेकजाँच गर्ने क्रममा उक्त पदार्थसहित अलीलाई पक्राउ गरिएको हो।




प्रहरीका अनुसार उनले बसेको सिटमुनि लुकाएर राखिएको अवस्थामा १३ किलो ५ सय ग्राम गाईको मासु जस्तो देखिने पदार्थ फेला परेको थियो।

घटनाबारे थप अनुसन्धानका लागि सप्तरी जिल्ला अदालत बाट तीन दिनको म्याद थप गरी अनुसन्धान अघि बढाइएको प्रहरीले जनाएको छ।

# प्रतिनिधिसभाबाट तीन अध्यादेश स्वीकृत

काठमाडौँ, २३ चैत । प्रतिनिधिसभाबाट तीन अध्यायदेश स्वीकृत भएको छ । सभाको आजको बैठकबाट ‘मतदाता नामावली (पहिलो संशोधन) अध्यादेश, २०८२’, ‘प्रतिनिधिसभा सदस्य निर्वाचन (पहिलो संशोधन) अध्यादेश, २०८२’ र ‘नेपाल विशेष सेवा ( दोस्रो संशोधन) अध्यादेश, २०८२’ सर्वसम्म रूपमा स्वीकृत भएको हो । बैठकमा गृहमन्त्री सुधन गुरुङले उक्त अध्यादेश स्वीकृत गरियोस् भनी प्रस्ताव राख्नुभएको थियो । त्यसअघि सभामुख डोलप्रसाद अर्यालले ती विधेयकलाई अस्वीकार गर्ने



सूचना प्राप्त नभएको बेहोरा जानकारी गराउनुभएको थियो ।

बैठकले नेपाली कम्युनिस्ट पार्टीका सांसद रामचन्द्र भट्टराईको निधनमा सर्वसम्मत रूपमा शोक प्रस्ताव पारित गरेको थियो । प्रतिनिधिसभाको अर्को बैठक यही चैत २४ गते मङ्गलबार अपराह्न १:०० बजे बस्ने छ । रासस

## ८ अर्ब .......

विरोधाभासपूर्ण भएको उनको भनाइ थियो।

“अहिलेका साथीहरूले ‘ऋण लिँदैनौँ, देशलाई ऋणले डुबायो’ भनेर राजनीतिमा आउनुभएको हो। वैकल्पिक राजनीति प्रस्तुत गर्नुभएको हो,” उनले भने, “तर सरकारमा आएको यति छोटो समयमा नै २८ अर्ब ऋण लिने निर्णय गर्नु कत्तिको उचित हो ?”उनले यस्तो निर्णयबारे सरकार स्वयंले जनतालाई स्पष्ट जवाफ दिनुपर्ने बताए। “ऋण लिँदैनौँ भन्ने, अनि सत्तामा पुगेकै दिनदेखि ऋण लिने–यो कुरा जनताले कसरी पत्याउने ?” उनले प्रश्न गरे। यद्यपि, पुनले आवश्यकता अनुसार ऋण लिन सकिने तर त्यसलाई उत्पादनशील तथा पूर्वाधार क्षेत्रमा लगानी गर्नुपर्ने धारणा राखे।

# पहाडी-हिमाली भू-भागमा वर्षा र मेघ गर्जनको सम्भावना

काठमाडौँ, २३ चैत । जल तथा मौसम विज्ञान विभाग अन्तर्गतको मौसम पूर्वानुमान महाशाखाले हाल नेपालमा पश्चिमी न्यून चापीय प्रणाली र स्थानीय वायुको प्रभाव रहेको बताएको छ। अहिले बागमती प्रदेशको काठमाडौंलगायत पहाडी भू-भागमा मेघ गर्जनसहित वर्षा भइरहेको छ।


महाशाखाका अनुसार गण्डकी, कर्णाली र सुदूरपश्चिम प्रदेशका पहाडी तथा हिमाली भू-भागमा साधारणतया बादल लागेको छ भने बाँकी भू-भागमा आंशिक बादल रहेको छ।

गण्डकी प्रदेशका धेरै स्थानमा, बागमती प्रदेशको पहाडी भू-भागका केही स्थानमा तथा बाँकी हिमाली र पहाडी भू-भागका थोरै स्थानमा मेघगर्जन चट्याङ्गसहित हल्कादेखि मध्यम वर्षा र हिमपात भएको छ।

महाशाखाका अनुसार मङ्गलबार गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशका साथै बागमती र कोशी प्रदेशको हिमाली भू-भागमा साधारणतया बादल लाग्नेछ। सो प्रदेशका धेरै स्थानमा तथा कोशी र बागमती प्रदेशका पहाडी र हिमाली भू-भागका केही स्थानमा मेघगर्जन चट्याङ्गसहित मध्यम वर्षा र हिमपातको सम्भावना छ।

बुधबार पनि गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशमा पूर्णतया बादल लाग्नेछ भने बाँकी भू-भागमा साधारणतया बादल रहने महाशाखाले जनाएको छ।



## अब अनलाइनबाट बुकिङ्गको सुविधा




- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दुखाई बिनाको सुत्केरी

को लागि उपचार गराउन चाहनुहुन्छ भन्ने अनलाइनबाटै बुकिङ्गको लागि
www.divyaclinicjanakpur.com

वरिष्ठ चिकित्सकहरु




दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,
Phone :9861147201

नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035
9801674020


‘समाचार दैनिक जनकपुर’का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रकः न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालयः विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४